फलानो टोल फलानो गाउँ फलानो प्रगन्ना वा थुम फलाना जिल्लाको बासिन्दा हुने थिएँ । म नेपालको नागरिक हूँ र तोकिएको मितिमा म २१ वर्षभन्दा कम उमेर छैन र मेरी स्त्री फलानी तोकिएको समयभित्र साधारणतया मसँगै बसीन र उनी पनि नेपालकी नागरिक हुँन् र तोकिएको मितिमा २१ वर्षभन्दा कम उमेर छैन ।

माथि लेखिएको बेहोरा साँचो हो ।

ठेगाना सहि

मिति

माथि लेखिएको बेहोरा साँचो हो भनी सहि गर्ने

सहि पल्टनको अफिसर

अड्डाको हाकिम

राजदूत वा कन्सल

ठेगाना

मिति

## ( नेपाल सरकार प्रचारविभागबाट गरिएको प्रतिवाद )
## राष्ट्रिय कांग्रेसको बुलेटिन नं ५१ को अनुत्तरदायित्वपूर्ण भ्रामक प्रचार

राष्ट्रिय कांग्रसले " विदेशी फौज " शीर्षक दिई प्रकाशित गरेका कुराहरू सम्पूर्णतः असत्य भई जनतामा सरकारको प्रति भ्रमात्मक विचार फैलाई देशमा आएको प्रजातन्त्रको काममा छेका ल्याउने प्रयास मात्र हो । वर्तमान सरकार देशको वर्तमान अवस्थाको लागि स्वयम्मा पूर्ण संगठित छ । विदेशी फौज

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

ल्याउने कुनै कुरा नै छैन । सरकार र जनताको संपर्क, विश्वासमा बाधा पुऱ्याउने गरी यस्तो प्रचार गर्ने हर प्रजातान्त्रिक पद्धतिमा निष्ठा राख्नेहरुको गतिमा राख्न सकिँदैनन् ।

त्यही बुलेटिनमा लेखिएको " गुप्त संधी, भन्ने चर्चा अझ घोरतर देश-द्रोही प्रचार हो। एकतन्त्रीय शासनबाहेक प्रजातन्त्रीय शासनपद्धतिमा " गुप्त संधी " भन्ने कुराको ठाउँ नै छैन । त्यस्तै " विदेशी हस्तक्षेप " भन्ने प्रचार पनि बकबाद मात्र हो । हाम्रा देशका कुनै कार्य संपादन र पद्धतिमा कसैले रोकावट गरेको पनि छैन र गरेमा जनताको सरकारले त्यसको विरोध पनि गर्न तयार छ । अतः जनताले यस्ता प्रतिक्रियावादीहरुको मिथ्या र भ्रामक प्रचारसित सावधान रहनुपर्छ ।

## पब्लिक सर्भिस कमिशनको सूचना

पब्लिक सर्भिस कमिशनका सेक्रेटरी श्रीखड्गमान मल्लले २००८ साल फाल्गुन ६ गतेदेखि चैत्र ३० गतेसम्म ३ सालको ५१ दिन घरबिदा लिइ-सएको छ ।

गोरखापत्र छापाखानाबाट प्रकाशित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।